Rabin Shrestha

त्रिभुवनविश्वविद्यालय
नेपाल र एशियाली अध्ययन संस्थानको
ऐतिहासिक सामग्री माला— ३

टिस्टुङ्ग–चितलाङभेकको ऐतिहासिक सामग्री

सम्पादक -
हेमन्त राणा, धनवज्र वज्राचार्य

प्रकाशक -
नेपाल र एशियाली अध्ययन संस्थान
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प्रकाशक –

नेपाल र एशियाली अध्ययन संस्थान

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प्रकाशन मिति – वि. सं. २०२६ घटस्थापना

प्रकाशित प्रति – ५००

नेपालमण्डल अध्ययन केन्द्र
चैन लाकौल स्मृति भवन
पाटन संयुक्त क्याम्पस, यलाख्वमा, यल

चक्कंनुगाः म्ह भाजु/मयजु काशीनाथ तमोट
पाखें थ्व सफू/च्वसु/पत्रिका/प्रतिलिपि चूलागु
मः। नयकः यात आपालं सुभाय्।

तिथि/मिति- ११२२ तछला ३
(२०४८/२/३०)
दुतिनाल्याः- २६६

मूल्य –

मुद्रक –

नेपाल प्रेस,

शुक्रपथ ६/५९८,

काठमाडौं।

विषयसूची—

पृष्ठ

	संस्थानका डीनको वक्तव्य	
	प्रस्तावना—	१– १३
१.	टिस्टुङ्गको वसन्तदेवको शिलालेख	१४,
२.	टिस्टुङ्गको अंशुवर्माको शिखालेख	१५–१६
३.	भट्टुत्रालको अंशुवर्माको शिलालेख	१६–१७
४.	तौखेलको अंशुवर्माको शिलालेख	१७–१८
५.	चितलाङको उदयदेवको शिलालेख	१८–१९
६.	तौलेख–पाटीको ने. सं. ८२७ को शिलालेख	१९–२१
७.	कुन्छाको धाराको ने. सं. ८३३ को शिलालेख	२१–२२
८.	चितलाङ–कोटको विष्णुमल्लको शिलालेख	२२–२४
९.	कुन्छा गणेशस्थानको ने. सं. ८५८ को ताम्रपत्र	२४,
१०.	टिस्टुङ्ग–कोटको विष्णुमल्लको शिलालेख	२४–२५
११.	पापुङको शिलालेख	२६.
१२.	कलातुँको ने. सं. ९१२ को शिलालेख	२६–२७
१३.	कुन्छा पाटीको ने. सं. ९२० को शिलालेख	२७–२८
१४.	श्री ५ गीर्वाणयुद्धविक्रम शाहको ताम्रपत्र	२८–३०
१५.	कुन्छा गणेशस्थानको ने. सं. ९३० को शिलालेख	३०,
१६.	कुपु–गाउँको ने. सं. ९४० को शिलालेख	३०–३२
१७.	टिस्टुङ्ग पूर्णेश्वरको वि. सं. १८९८ को शिलालेख	३२–३३
१८.	चितलाङ भैरवस्थानको ने. सं. ९६८ को शिलालेख	३४,
१९.	पालुङ इन्द्रायणीस्थानको वि. सं. १९११ को शिलालेख	३४–३५
२०.	श्री ५ सुरेन्द्रविक्रम शाहको लालमोहर	३५–३६

२१. पालुङको वि. सं. १९२७ को शिलालेख ३७,
२२. चितलाङ नारायणस्थानको वि. सं. १९३७ को शिलालेख ३७–३८
२३. पालुङ पाण्डुकेश्वरको वि. सं. १९९१ को शिलालेख ३९,
२४. ताडपत्रहरू– (*श्रीनिवासमल्ल, महीन्द्रसिंह, योगप्रकाशमल्ल, विष्णुमल्ल आदिका*) ३९–६०

वक्तव्य

प्रस्तुत संकलनमा परेका ऐतिहासिक सामग्रीहरू यस इन्स्टिच्यूटबाट योजनाबद्ध तरीकाबाट सम्पन्न गराइएको अन्वेषणको नतीजा हो। यी सामग्रीहरू टिस्टुङ–तौखेल र चितलाङभेकको अन्दाजी ५।६ कोशको परिधिभित्र पर्ने ठाउँबाट भेटिएका हुन्। एक हप्ता लामो यस अन्वेषणमा इतिहास–विभागका प्राध्यापक श्रीहेमन्त राणा र संस्थानका लिपि-विशेषज्ञ र इतिहासका जानिफकार श्रीधनवज्र वज्राचार्य संलग्न हुनुहुन्थ्यो। उहाँहरूबाट यस सामग्रीको पठन र सम्पादन पनि भएको हो।

यसमा कुल एक्काइस शिलालेख परेका छन्। जसमध्ये पाँचगोटा लिच्छविकालका, पाँचगोटा पछिल्ला मल्लकालका, एउटा दोसाँधको विना तिथिमितिको र दशगोटा शाहकालका छन्। यस अतिरिक्त एउटा गीर्वाणयुद्धको ताम्रपत्र, अर्को सुरेन्द्रवीरविक्रमको लालमोहर र पच्चीस थान पाटनका मल्ल शासकको समयका ताडपत्रहरू पनि यहाँ संकलित छन्।

यस संकलनका प्रथम तीन लिच्छवि शिलालेखका केही अंश पहिले पनि अन्यत्र प्रकाशित भइसकेका छन्। तर यस पुस्तकका सम्पादकहरूले अघिल्ला पाठहरूलाई सच्याई यहाँ तिनको सकेसम्म पूर्ण र आधिकारिक पाठ प्रस्तुत गर्नुभएको छ।

लिच्छविकालका पाँचवटा शिलालेख महत्त्वपूर्ण छन् र त्यस समयको स्थानीय ऐतिहासिक ज्ञानमा नयाँ दिशा थप्न तिनीहरू सहायक भएका छन्। यिनमध्ये दुइ, तीन कुराको मात्र यहाँ संकेत गर्ने हो भने सर्वप्रथम वसन्तदेव र अंशुवर्माको राज्यकालका पहिला तीन शिलालेखको आरम्भ 'स्वस्ति नेपालेभ्यः' भन्ने सम्बोधनबाट गरिएको छ। उपत्यकाका शिलालेखमा यसको सर्वथा अभाव हुनु र यहाँका शिलालेखमा यो हुनाले यहाँ सम्बोधित व्यक्तिहरू शायद उपत्यकाबाट आइबसेका व्यक्तिहरू पो थिए कि भन्ने अडकल हुन्छ। यसको पुष्टि प्रथम शिलालेखको तेस्रो पंक्तिको '...ग्रामे निवासोपगतान्' भन्ने शब्दबाट हुन्छ। अर्को महत्त्व, दोस्रो र तेस्रो शिलालेखले त्यस बेलाको नेपाल उपत्यकाबाट भारत जाने मूलबाटोमा टिस्टुङ र भट्टवाल पर्दथे भन्ने कुरा थाहा दिन्छ। यसले यो बाटो केही वर्ष अघिसम्म हिंड्ने गरेको थाङ्कोट–चित्लाङ–कुलेखानी–भीमफेदी नभई टिस्टुङ भट्टवालबाट

केही घुमेर गएको तथ्य थाहा हुन्छ। अर्को कुरा यहाँ निकासी व्यापारमा नियन्त्रण गर्ने र कर लगाउने महत्त्वपूर्ण भन्सार केन्द्र थियो भन्ने कुरा पनि थाहा हुन्छ। निकासी गर्ने महत्त्वपूर्ण वस्तुहरूमा फलाम, चामर, ऊन, कस्तूरी र तामाको भाँडा गनिएका छन्। जसमा सरकारी नियन्त्रण रहिरहने कुरा र अन्य वस्तुमा मात्र आवश्यक शुल्क माफी दिने कुराको उल्लेख परेको छ। तेस्रो महत्त्व, पाँचौं शिलालेख लिच्छवि राजा उदयदेवको भएकोले हो। अंशुवर्माका कति शिलालेखमा उदयदेव युवराजको रूपमा देखापर्दछन्। तर अंशुवर्माको शेषपछि उनको के अवस्था भयो, त्यो भन्न गाह्रो थियो। यस शिलालेखबाट उनी संवत् ४५ (अंशुवर्मा संवत्)मा केही समयलाई भए पनि पूर्ण सार्वभौम राजा भएका थिए भन्ने कुरा देखिन्छ। उपत्यका बाहिर एकै इलाकामा यतिका महत्त्वपूर्ण लिच्छवि शिलालेख पाइएको उदाहरण अहिलेसम्म थिएन, त्यो पनि यहीं नै हो।

तौखेल पाटीको ने. सं ८२७ को शिलालेखमा गोपालिक मोतीराज ग्वारोका स्त्री-पुरुष भएर आफ्नो मृत छोराको पुण्यमा उमामहेश्वरको पाटी प्रतिष्ठा गरेको वर्णन छ र त्यसमा अरू धेरै ग्वारा (ग्वाला)को उल्लेख छ। तौखेल र त्यस इलाकामा आजसम्म ग्वालाहरूको ठूलो बस्ती छँदैछ। काठमाडौंको किलागल टोलमा पनि ग्वालाहरूको एउटा समूह नै बस्छ। तर आजसम्म पाइएका शिलालेखमा उपत्यकाभित्र तिनीहरूको कुनै ऐतिहासिक उल्लेख छैन। तौखेलबाटै प्राप्त अंशुवर्माको लिच्छवि शिलालेखमा चुस्तुङ् ग्रामका महिषीपालकहरूलाई त्यस गाउँमा भैंसी पाल्दा कष्ट भएकोले स्थानान्तरमा बस्ती सार्ने अनुमति राजाले दिएको तथ्यबाट यी दुइ कालका शिलालेख र आजको ग्वालाको बस्तीमा एउटा अविच्छिन्न ऐतिहासिक प्रवाह देखिन्छ। नेपाल उपत्यकाको वंशावलीहरूमा उल्लिखित गोपाल र महिषपालहरूका यी शिलालेख प्रथम ऐतिहासिक आधार सिद्ध भएका छन्।

अन्तिम मल्लकालसम्म पनि चितलाङ र टिस्टुङमा कोट विद्यमान थिए र अवश्य पनि यिनीहरू भारत-नेपाल मूलबाटोमा परेकाले महत्त्वपूर्ण थिए। विष्णुमल्लले तिनको जीर्णोद्धारमा चासो लिएको कुरा आठौं र दशौं शिलालेखबाट थाहा हुन्छ। कुन्छाको ने. सं. ८५८ को तीन पंक्तिको शिलालेखले थकालीयुक्त एउटा सनाथगुठीको रचनाको सूचना दिन्छ।

शाहकालका शिलालेखहरू सबै नै स्थानीय व्यक्तिहरूले सानोतिनो निर्माण, दान अथवा गुठी राखेको विषयसंग सम्बद्ध छन्। गीर्वाणयुद्धविक्रमको ताम्रपत्र त्यही

आशयको छ । सुरेन्द्रविक्रमको लालमोहर लागेको जङ्गबहादुरको वि. सं. १९२० को व्यवस्थाले त्यस बेलाको सैनिक संगठनको बारेमा चाखलाग्दो जानकारी दिन्छ ।

अन्वेषित क्षेत्र सबै मल्लकालमा ललितपुर राज्यको प्रान्तभित्र पर्दथ्यो । यहाँ परेका पच्चीसै ताडपत्रहरू जग्गा मुक्री-बिक्रीसित सम्बद्ध छन् र त्यसमा पाटनको प्रशासनको हात परेको बेहोरा छ ।

यस संकलनलाई प्रकाशन गर्दा सामग्री केलाउने खालको विस्तृत विवेचनात्मक भूमिका, टिप्पणी, अनुवाद र शब्दार्थहरूसमेत समावेश गर्ने इच्छा थियो । तर सामग्रीलाई पाठक समक्ष ताजै ल्याउने आतुरताले सो गर्न सकेनौं । आगामी प्रकाशनहरूमा त्यसको विचार गरिनेछ । प्रकाशनमा भएका अरू त्रुटिहरूको बारेमा मर्मज्ञ विद्वान्‌हरूबाट सुझाउ पाएमा भविष्यमा यसलाई निराकरण गर्न हामी सबै बढी कटिबद्ध हुने थियौं ।

अन्तमा फेरि एक पटक सम्पादकहरूले गर्नुभएको मेहनत र लगनशीलताको म हृदय-देखि प्रशंसा गर्दछु ।

२०२६ घटस्थापना

डा. प्रयागराज शर्मा
डीन
नेपाल र एशियाली अध्ययन संस्थान
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

प्रस्तावना

हाम्रो देशको सर्वाङ्गीण इतिहास तयार गर्न धेरै खोज र शोध गर्नु छ। यस क्षेत्रमा स्वदेशी तथा विदेशी विद्वान्हरूबाट जति खोज र शोध भएका छन्; ती प्रशंसनीय छन्; तर पर्याप्त भने पक्कै पनि छैनन्। यस कारण नेपालको इतिहासको खोज र शोधको क्षेत्रमा प्रगति होस् भन्ने उद्देश्यले यसप्रति त्रिभुवन विश्वविद्यालयले ध्यान दिन थालेको छ।

सर्वाङ्गीण इतिहास तयार पार्न पहिले विभिन्न ऐतिहासिक स्थलहरूको सर्वेक्षण गरी ऐतिहासिक सामग्री पत्ता लाउनु, तिनलाई शुद्ध रूपमा पढ्नु र फेलाउनु आवश्यक हुन्छ। यही कामको सिलसिलामा त्रि. वि. नेपाल-अध्ययन-संस्थान, इतिहाससमितिको प्रस्तावअनुसार एक हप्ताको अन्वेषण-भ्रमणको लागि यही ज्येष्ठ २७ गते हामी टिस्टुङ्गतिर लाग्यौं।

लिच्छविकालमा नेपालबाट भारत जाने मुख्य बाटामध्ये थानकोट चितलाङ-टिस्टुङ्ग भई जाने बाटो पनि एक थियो। यसो हुनाले थानकोट-चितलाङ-टिस्टुङ्गभेकको ऐतिहासिक महत्त्व रहेको छ। यो भेक लिच्छविकालमा निकै आबाद भएको थियो। यस भेकमा पाइएका लिच्छविकालका अनेक अभिलेखले यस भेकको महत्त्व स्पष्ट दर्शाइरहेका छन्।

श्रीहेमराज शाक्यले टिस्टुङ्गभेकका तीन अभिलेखबारे सर्वप्रथम केही प्रकाश पार्नुभएको थियो। तर उहाँले ती अभिलेखका जम्मै भाग राम्ररी पढ्न सक्नुभएको थिएन। यसो हुनाले मूलबाटै ती अभिलेख शुद्ध रूपमा पढ्ने विचारले हामीलाई सबभन्दा पहिले तान्यो। यस कारण टिस्टुङ्ग पुग्ने बित्तिकै ती अभिलेखको पाठ पढ्नतिर लाग्यौं।

टिस्टुङ्गमा पाइएका अभिलेखमा पहिलो अभिलेख वसन्तदेवको संवत् ४३४ को हो भन्ने टुङ्गो लाग्यो। तर त्यसै लडाएर असुरक्षित अवस्थामा राखिएको

हुनाले यसको धेरैजसो भाग खिइसकेको छ । शुरूका ४।५ पङ्क्ति अलि स्पष्ट छन्; संवत् पनि गहिरिएर हेर्दा थम्याउन सकिन्छ । बीचको भाग भने पढ्न गाह्रो भइसकेको छ । महीनौं लगाएर परिश्रमसाथ पढियो भने यसको केही भाग अझै पढ्न सकिने सम्भावना छ । तर एक हप्ताको यस अन्वेषण भ्रमणमा त्यसो गर्न सम्भव भएन । प्रतिलिपि लिंदा स्पष्ट नआएको हुँदा यता ल्याएर पढ्ने कुरा पनि मिलेन । यस कारण यो अभिलेख अपूरो नै रह्यो ।

तर अहिले पढ्न सकिएको यसको अलिकता भागबाट पनि लिच्छविकालको इतिहासमा अलिकता प्रकाश भने परेको छ । यस अभिलेखको आरम्भ 'स्वस्ति नैपालेभ्यः' बाट भएको छ । अर्थात् 'नेपालीहरूलाई कल्याण होस्' भन्ने शुभ-कामनासाथ यो अभिलेख शुरू गरिएको छ । यसै गरी अंशुवर्माका टिस्टुङ्गको अभिलेख तथा भटुवालको अभिलेख पनि 'स्वस्ति नैपालेभ्यः' बाट नै शुरू गरिएका छन् । उदयदेवको चितलाङको अभिलेख पनि यसै गरी शुरू गरिएको अनुमान हुन्छ । तर त्यसमा अक्षर भने अलि स्पष्ट छैनन् । उपत्यकाभित्रै अहिलेसम्म पाइएका अभिलेखमा भने यसरी 'स्वस्ति नैपालेभ्यः' भनी शुरू गरिएको पाइंदैन । यसबाट उपत्यकाबाहिरका जनतामा पनि 'हामी नेपाली हौं' भन्ने भावना जागोस्; 'पौर र जानपद' मा भेदभावको वातावरण नरहोस् भन्ने उद्देश्यले उपत्यका-बाहिरका अभिलेखमा 'नेपाली मात्रको कल्याण होस्' भन्ने घोषणा अङ्कित गर्ने प्रथा चलेको बुझिन्छ । यसबाट त्यस वेलाको राष्ट्रिय भावनाको झलक हामी पाउँछौं । लिच्छविकालमा उपत्यका मात्र 'नेपाल' थिएन भन्ने कुराको पुष्टि पनि वसन्तदेवको यस अभिलेखले गरेको छ ।

यस अभिलेखको तल्लो भागमा 'सर्वदण्डनायक' पद देखापरेको छ । वसन्तदेवको समयमा उनका हजुरिया सर्वदण्डनायक रविगुप्त क्रमशः शक्तिशाली हुँदै गएका थिए । यसबाट जनतामा असन्तोष फैलिन नपाओस् भनी उनले जनता-लाई प्रशासनसम्बन्धी केही अधिकार सुम्पंदै जाने नीति लिएका थिए । विशेष गरेर थानकोटभेकका जनतालाई उनले स्वशासनसम्बन्धी केही अधिकार दिला-एका थिए । यसै नीतिअनुसार टिस्टुङ्गको वसन्तदेवको यस अभिलेखमा पनि यस भेकका जनतालाई स्वशासनसम्बन्धी केही अधिकार सुम्पेको अनुमान हुन्छ ।

उपत्यकाबाहिर पाइएका लिच्छविकालका सनदपत्रमा समय-क्रमले यो अभिलेख पहिलो हुनाले पनि यसको महत्त्व छ । यस कारण यसलाई अब बढी खिइँदै जानाबाट रोक्नु आवश्यक छ । यसैले यस अभिलेखलाई ठड्याएर सुरक्षित रूपमा राख्न हामीले स्थानीय पञ्चायतसंग अनुरोध गर्‍यौं ।

टिस्टुङमा बसन्तदेवको यो अभिलेखसंगै अंशुवर्माको अभिलेख रहेको छ । यसको तल्लो भाग खण्डित हुँदा यसमा संवत् तिथिमिति देखिंदैन । माथिल्लो भाग-चाहिं पूरा छ । यसको शुद्ध पाठ पढ्न सकिएको हुँदा लिच्छविकालको इतिहासमा यसबाट निकै प्रकाश परेको छ । विशेष गरेर अंशुवर्माको आर्थिक नीति, उनको आदर्श, त्यस वेलाको प्रशासनको ढाँचा आदि बारेमा यसबाट बढी प्रकाश परेको छ । नेपालमा अंशुवर्माको शासन राम्ररी कायम भएको हुँदा उनको प्रसिद्धि विदेशमा पनि फैलिन थालेको थियो । यसो हुँदा अंशुवर्माले यहाँ 'सकलजगद्वि-सारिकीर्ति' भन्ने विशेषण लिएका छन् ।

आचार्य कौटल्यले 'वर्णाश्रमव्यवस्था' लाई 'आर्यमर्यादा' अर्थात् आर्यहरूको स्थितिबन्धेज भन्ने संज्ञा दिएका छन् । कौटल्यको विचारधाराको प्रभाव अंशुवर्मामा प्रशस्त परेको देखिएको छ । यसैले वर्णाश्रमव्यवस्था अंशुवर्माको दृष्टिमा पनि आदर्शव्यवस्था ठहरिएको थियो । नेपालमा वर्णव्यवस्थाअनुसारको समाज खडा गर्न अंशुवर्माले विशेष व्यवस्था पनि मिलाएका थिए । यस अभिले-खमा 'अनतिवृत्तार्य्यमर्य्यादासेतु' भनी लेखाउन लाई अंशुवर्माले आफूलाई वर्णव्यवस्थाका पूरा समर्थक घोषित गरेका छन् ।

त्यस वेलाको प्रशासनव्यवस्थाअनुसार राष्ट्र मुख्य गरी दुइ खण्डमा विभक्त देखिएको छ । एक सोझै केन्द्रद्वारा प्रशासन चलाइने, अर्को केन्द्रको अधीन रही सामन्तराजाद्वारा प्रशासन गरिने । केन्द्रद्वारा सोझै शासन गरिने देश पनि अनेक विषय (जिल्ला)हरूमा विभक्त थियो । प्रत्येक विषय (जिल्ला)मा स्थानीय प्रशासन चलाउन 'विषयपति' (बडाहाकिम) नियुक्त हुन्थे । टिस्टुङको अंशुवर्माको यस अभिलेखबाट यस भेकमा पनि 'विषयपति' नियुक्त थिए भन्ने थाहा पाइन्छ ।

लिच्छविकालमा प्रशासनको मूल केन्द्र राजकुल (राजदरबार) थियो । राजदरबारमा अनेक 'द्वार' हुन्थे । विभिन्न द्वारको प्रशासनसम्बन्धी विभिन्न

कार्यसंग सम्बन्ध रहन्थ्यो। टिस्टुङ्गको यस अभिलेखमा यस भेकका विषयपति आदि सरकारी अधिकारीहरू 'पश्चिमद्वार'संग सम्बद्ध थिए भन्ने उल्लेख परेको छ। यसबाट पश्चिमभेकको प्रशासनको सम्बन्ध राजकुलको पश्चिमद्वारसंग रहेको देखिएको छ। हाम्रो यहाँ 'पूर्व पश्चिम उत्तर दक्षिण'का रूपमा स्थानविभाजन गरी पदविभाजन गर्ने जुन पद्धति पछिसम्म चलेको थियो; त्यसको आरम्भ लिच्छविकालदेखि नै भएको थियो कि भन्ने आभास यताबाट पाइएको छ। मध्यकालसम्म पनि चार मन्त्री, चार भण्डारी आदि हुन्थे। 'चार कम्याण्डिङ्ग जनरल'का रूपमा राणाकालसम्म पनि यसको एक किसिमको रूप कायम थियो। जे होस्; यस कुरामा बढी खोजी हुनु जरूरी छ।

नेपालको आर्थिक कुराबारे टिस्टुङ्गको यस अभिलेखले महत्त्वपूर्ण प्रकाश पारेको छ। किरातकालदेखि नै नेपाली ऊनको विदेशमा ठूलो माग थियो। नेपालमा बनेको 'भिङ्गिसी' र 'अपसारक' भनी कहलाएका दुइथरी ऊनी कपडा अन्यका भन्दा श्रेष्ठ ठहरिएका थिए। यो कुरा कौटलीय अर्थशास्त्रको 'कोशप्रवेश्यरत्न-परीक्षा' भन्ने प्रकरणबाट थाहा पाइन्छ। भारतका व्यापारीहरू ऊन किन्न नेपाल आएको वर्णन मूलसर्वास्तिवादविनयमा पनि परेको छ। यसै गरी नेपाली कस्तूरी, चमरले पनि विदेशमा ख्याति पाएका थिए। नेपाली फलाम, तामा पनि विदेशमा असल कहलाएका थिए। यसो हुनाले फलाम, चमर, ऊन, कस्तूरी, तामाका भाँडाकुँडा आदिको प्रशस्त मात्रामा बाहिर निकासी हुन्थ्यो। यी पदार्थको निकासीमा सरकारी नियन्त्रण पनि रहेको थियो। यस अभिलेखमा उक्त पदार्थ 'अनिर्हार्य्य' (सरकारी स्वीकृतिविना निकासी गर्न नपाइने) घोषित गरिएका छन्। प्रशस्त मात्रामा निकासी हुने यी पदार्थबाहेक अरू पदार्थको पनि निकासी होस्; विदेशसंग नेपालको व्यापार अझ बढोस् भन्ने अंशुवर्माको स्पष्ट नीति थियो। यसो हुँदा अंशुवर्माले उक्त अनिर्हार्य्य पदार्थबाहेक अरू पदार्थको निकासीमा भन्सार माफी गरिदिएको कुरा यस अभिलेखमा परेको छ। यसबाट अंशुवर्मा राजनीतिज्ञ मात्र होइनन्; अर्थविशेषज्ञ पनि थिए भन्ने देखिएको छ।

भारत जाने मुख्य बाटोमा टिस्टुङ्ग परेको हुनाले यहाँ शुल्कशाला (भन्सार-अड्डा) रहेको थियो भन्ने कुरा यस अभिलेखबाट थाहा पाइन्छ। बाटा-घाटामा

व्यापारीहरू नछुटियून् भन्ने देखरेखको लागि ठाउँ-ठाउँमा 'गुल्म' (सुरक्षाचौकी) रहेका हुन्थे । त्यस बेला टिस्टुङ्गमा पनि 'गुल्म' थियो भन्ने कुरा यस अभिलेखबाट थाहा पाइन्छ ।

इत्यादि अनेक विषयमा टिस्टुङ्गको अंशुवर्माको यस अभिलेखबाट प्रकाश परेको हुनाले यो अभिलेखको ठूलो महत्त्व रहेको छ ।

टिस्टुङ्गमा यो अभिलेख रहेको ठाउँबाट पाउभर जति उत्तर-पूर्वमा भटुवाल भन्ने ठाउँ छ । यहाँ कोलटार भन्ने खेतमा अंशुवर्माको अर्को अभिलेख रहेको छ । असुरक्षित अवस्थामा रहेको हुनाले यस अभिलेखको बीच-बीचमा केही अक्षर अलि अस्पष्ट भइसकेका छन् । तर बचेको भाग पढी हेर्दा यस अभिलेखको विषय र टिस्टुङ्गको उपर्युक्त अभिलेखको विषय उही रहेछ । यसो हुनाले टिस्टुङ्गको अभिलेखको आधारमा यसको पाठ पूरा गर्न सकिएको छ । यस अभिलेखको चाहिं तल्लो भाग खण्डित नभएको हुँदा यताबाट संवत् तिथिमिति, दूतक आदिबारे केही बढी कुरा बुझ्न सकिएको छ । यसमा दूतक महाराज विप्रवर्मा रहेको छ । शिवदेव-अंशुवर्माका धर्मस्थली, बूढानीलकण्ठ, टौखाका अभिलेखमा विप्रवर्मा गोमी दूतकका रूपमा देखिएका छन् । तर त्यहाँ विप्रवर्माको अगाडि कुनै विशेष पद रहेको छैन । यहाँ भने 'महाराज' पद रहेको छ । अंशुवर्माले आफ्ना विश्वासपात्र व्यक्ति विप्रवर्मालाई पछि 'महाराज' पदवीले विभूषित पारेको यताबाट बुझिन्छ ।

भटुवालभेकमा लिच्छविकालमा टिस्टुङ्गमा जस्तै भिन्नै बस्ती रहेछ । सो बस्ती पनि भारत जाने बाटोमा परेको हुनाले टिस्टुङ्गवासीलाई जस्तै यहाँका बासिन्दालाई पनि उही व्यापारसुविधा दिइएको रहेछ । तर अहिले भटुवालभेकमा पुरानो बस्ती छैन । पछि कुनै कारणवश सो बस्ती नष्ट भएको बुझिन्छ ।

टिस्टुङ्गबाट एक कोशजति पूर्व-दक्षिणपट्टि तौखेल भन्ने गाउँ छ । हामीहरू टिस्टुङ्गबाट चितलाङ्गतिर जाँदै थियौं । बाटामा हलुगाउँमा एक छिन अडियौं । स्थानीय बासिन्दाहरूसंग त्यहाँ शिलालेख आदि ऐतिहासिक सामग्री केही छन् कि भनी सोध-पूछ गर्दै थियौं; एक जनाले हामीकहाँ यहाँ त शिलापत्र छैन; तर

तौखेलमा ठूलो शिलापत्र छ भनी सुनाए। उनले दिएको हुलियाअनुसार सो शिलापत्र लिच्छविकालकै हो भन्ने हाम्रो मनमा लाग्यो। अनि सोझै चितलाङतिर नलागी पहिले हामी तौखेलतिर लाग्यौं। बाटोमा बाजा बजाउँदै लाम लागेर तौखेलबाट आइरहेको एक हूलसंग भेट भयो। उनीहरू पानी नपरेको हुनाले चम्पकेश्वर महादेवकहाँ पानी माग्न जान लागेका रहेछन्। उनीहरूसंग सोधपूछ गर्दा पनि तौखेलमा ठूलो शिलापत्र छ भन्ने थाहा भयो। पक्का पनि सो शिलालेख लिच्छविकालकै हुनुपर्छ भन्ने खुल्दुली मनमा लिई हामीहरू तौखेल पुग्यौं। सो शिलालेख लिच्छविकालकै ठहर्दा हामीलाई निकै खुशी लाग्यो। अनि उत्साह-साथ शिलापत्र सफासंग धोई प्रतिलिपि झिक्यौं। अक्षर स्पष्ट हुँदा सजिलैसंग त्यसको पाठ पढियो।

तौखेलको यो शिलालेख अंशुवर्माको रहेछ। 'ॐस्वस्ति कैलासकूट-भवनाद्' बाट अभिलेख शुरू गरिएको छ। अनि अंशुवर्माको आदर्शलाई दर्शाउने वाक्य परेको छ। 'हरबखत प्राणीको सुखको लागि म तत्पर रहन्छु' भन्ने भाव यहाँ व्यक्त गरिएको छ। तौखेलको पुरानो नाउँ 'चुस्तुङ' रहेछ। चुस्तुङवासी-हरू भैंसी पाल्ने व्यवसाय गर्दा रहेछन्। तर कारणवश भैंसी पाल्ने व्यवसायमा पीडा, बाधा परेको कुरा अंशुवर्मामा जाहेर भएपछि उनले सो कष्ट हटाउन पुरानो बस्ती छोडी अर्को नयाँ बस्ती बसाउन जग्गा दिएको कुरा यस अभिलेखमा परेको छ।

यसरी बस्ती किन सर्नुपर्‍यो; भैंसी पाल्ने व्यवसायमा के कस्तो पीडा, बाधा पर्‍यो; यो कुरा यस अभिलेखबाट खुल्दैन। तर अनुश्रुतिको भरमा अहिले-सम्म चलेर आएको कुराबाट यस विषयमा केही प्रकाश पर्छ। "हामीहरूको पुरानो बस्ती ऊ त्यो वनको छेउमा थियो; त्यहाँ चोर-डाँकाको भय भइरहन्थ्यो; बाघको बिगबिगी रहन्थ्यो; यसैले हामीहरू त्यताबाट यहाँ सरेका हौं; त्यहाँ पनि यस्तै शिलालेख थियो; तर त्यो बस्ती नै पुरिइसकेको हुनाले अहिले भेट्टाउन सकिंदैन" भनी तौखेलवासीहरू भन्दछन्। समयले नभ्याएको हुनाले उनीहरूले लक्ष्य गरेको ठाउँमा गई छान-बीन गर्न त हामीले सकेनौं। तर यस अभिलेखमा बस्ती सरेको कुरा परेको हुनाले उक्त अनुश्रुति सत्य थियो भन्ने हामीलाई लाग्छ।

वनको छेउछाउमा भैंसी पाल्ने व्यवसाय गरी रहँदा बाघ, चोर-डाँकाको भय हुनु सम्भव छ । अंशुवर्माको यस अभिलेखमा 'महिषीपीडा' भनी उक्त कुरालाई नै लक्ष्य गरिएको देखिन्छ ।

जे होस; अंशुवर्माको यस अभिलेखले उनको आर्थिक उन्नति गर्ने लक्ष्यबारे केही प्रकाश पारेको छ । आर्थिक उन्नतिको लागि अंशुवर्माले कृषि पशुपालन, व्यापार तीनै कुरामा ध्यान दिएका थिए । यो कुरा उनका अभिलेखबाट थाहा पाइएको छ । 'महिषपालन' व्यवसायको सुरक्षामा दृष्टि दिएको कुरा परेको यस अभिलेखले पनि उक्त कुराको पुष्टि गरेको छ । अर्को कुरा लिच्छविकालका अहिलेसम्म भेट्टिएका अभिलेखमा महिषपालनको स्पष्ट चर्चा पाइएको थिएन । यस अभिलेखले त्यस वेला भैंसी पाल्ने व्यवसाय पनि राम्ररी चलेको थियो भन्ने कुरा सिद्ध गरेको छ ।

यस अभिलेखमा संवत् ३७ छ ! दूतकचाहिं युवराज उदयदेव छन् । यसबाट अंशुवर्माले यस वेला आफ्ना उत्तराधिकारीका रूपमा उदयदेवलाई युवराज घोषित गरिसकेको थाहा पाइन्छ ।

तौखेलबाट हामी कलातु गाउँतिर लाग्यौं । सो गाउँका बासिन्दाहरू 'गमाल' नेवार कहलाएका रहेछन् । त्यताबाट हामी चितलाङ पुग्यौं । चितलाङ गणेशस्थानमा लिच्छविकालको अभिलेख छ भन्ने कुरा पहिले नै थाहा भइसकेको थियो । यस कारण सो अभिलेख कसको, कस्तो रहेछ भनी जान्ने खुल्दुलीले हामीलाई सताएको थियो । यसो हुनाले सोधपूछ गरी उक्त गणेशस्थानमा पुग्यौं । यस अभिलेखको आधा जति भाग गाडिएको थियो । यसको शिरोभागमा त्रिशूल-चिह्न अङ्कित छ । यस कारण यो शिलालेख होइन; महादेवको मूर्ति हो भन्ने स्थानीय बासिन्दाहरूको धारणा रहेछ । हामीले सम्झाए, बुझाएपछि उनीहरूको चित्त बुझयो र पुरिएको भाग खन्नमा हामीलाई मद्दत गरिदिए । ढुङ्गाहरू हुँदा पुरिएको भाग खनेर हेर्न अलि कष्ट पर्‍यो । तर पुरिएको भागमा पाप्रा उप्की निकै अक्षर नष्ट भइसकेको देख्दा हामीलाई शारीरिकभन्दा मानसिक कष्टको बढी अनुभव भयो । अनि अभिलेख सफा पारी प्रतिलिपि झिक्यौं ।

अभिलेख अलि खिइसकेको छ तापनि पढ्न नसकिने छैन। यसो हुनाले यसो प्रतिलिपि हेर्ने बित्तिकै यो अभिलेख उदयदेवको रहेछ भन्ने थाहा भयो। अनि त खाना–पानाको असुविधाले र बिहानदेखिको हिँडाइले हामी थाकिसकेका थियौं तापनि मनमा ठूलो हर्ष लाग्यो; काम गर्ने जाँगर बढ्यो।

चितलाङको यो अभिलेखले लिच्छविकालको एक प्रश्नको समाधान गरिदिएको छ। अंशुवर्माको मृत्युपछि युवराज उदयदेवले गद्दीमा बस्न पाएनन्; उनी धपाइए कि भन्ने धारणा धेरै इतिहासकारको थियो। तर यो कुरा होइन रहेछ। यस अभिलेखमा भट्टारक महाराजाधिराज'का रूपमा उदयदेवको उल्लेख परेको छ। यसमा संवत् भएको भाग अलि खिइएको छ तापनि अलि गहिरिएर हेर्दा यहाँको संवत् ४५ हो भनी ठम्याउन सकिन्छ। यस अभिलेखमा भूतपूर्व राजाका रूपमा अंशुवर्माको उल्लेख आएको छ। यसरी अंशुवर्माको मृत्युपछि युवराज उदयदेव महाराजाधिराजका रूपमा गद्दीमा बसेका थिए भन्ने यस अभिलेखबाट सिद्ध भएको छ। अर्को कुरा— पशुपतिको द्वितीय जयदेवको अभिलेखमा पनि लिच्छवि राजाहरूको पङ्क्तिमा उदयदेवको उल्लेख आएको छ। उदयदेव गद्दीमा बसेका थिए भन्ने कुरा यताबाट पनि थाहा पाइन्छ। यस अभिलेखमा अंशुवर्मालाई 'भट्टारकमहाराजाधिराज' भनिएको छ। यसबाट अन्तिम समयमा अंशुवर्मा 'महाराजाधिराज' बनेका थिए भन्ने सिद्ध भएको छ। साथै संवत् ४५ मा अंशुवर्माको मृत्यु भइसकेको थियो भन्ने कुरा पनि यस अभिलेखबाट थाहा पाइन्छ।

अंशुवर्माले चितलाङभेकको पाञ्चालीलाई 'अग्रहार' (बिर्ता) दिएका थिए; सो थामी उदयदेवले पनि सो पाञ्चालीलाई अग्रहार दिएको कुरा यसमा परेको छ। यसबाट लिच्छविकालमा उपत्यकाबाहिर पनि पाञ्चालीव्यवस्था कायम थियो भन्ने कुरामा प्रकाश परेको छ तथा पाञ्चालीको अधीन साझा जग्गाजमीन हुन्थे भन्ने कुराको पुष्टि पनि यताबाट भएको छ। यसरी चितलाङको यो अभिलेख पनि अनेक दृष्टिले महत्त्वपूर्ण रहेको छ।

अब लिच्छविकालबाट मल्लकालमा ओर्लनुभन्दा पहिले टिस्टुङभेकका बस्तीको एक महत्त्वपूर्ण पक्षबारे अलि प्रकाश पार्नुपरेको छ। यस भेकका तौलेख,

हलु, कुन्छा आदि गाउँका पूरै बासिन्दाहरू गोपालवंशी नेवार (ग्वाला) छन्। टिस्टुङ, पापुङ, पुलगाउँ, शिखरकोटतिर पनि गोपालवंशीहरू निकै छन्। उपत्यका-भित्र थानकोट र आसपासमा पनि गोपालवंशी छन्। त्यसो त काठमाडौं किला-गडटोलमै पनि केही गोपालवंशीहरू छन्। तर यता छुट्टै बस्ती छैन; गोपालवंशी-हरूको रीतिरिथतिमा यताको प्रभाव परिसकेको छ। उता तौखेलभेकमा भने गोपालवंशीहरूका छुट्टै बस्ती भएका र उनीहरूमा बाहिरी प्रभाव पनि धेरै नपरेको हुनाले यताका गोपालवंशीहरूको जातिशास्त्रको दृष्टिले अध्ययन हुनु आवश्यक देखिन्छ। किनभने नेपालको प्राचीन इतिहाससंग गोपालवंशीहरूको सम्बन्ध रहेको छ। हाम्रा वंशावलीकारहरूले नेपाल-उपत्यकालाई आवाद गरी यहाँ सभ्यताको शुरू गर्नेहरूमा गोपालवंशीलाई पहिलो जातिको रूपमा लिएका छन्। हाम्रो यहाँ पाइएका वंशावलीहरूमा सबभन्दा पुरानो वंशावलीको नाम 'गोपाल-वंशावली' रहेको छ। किनभने त्यसमा गोपालवंशी राजादेखि वंशावली शुरू गरिएको छ। अर्को कुरा - गोपालवंशावलीकारले गोपालहरूको शैवधर्मसंग सम्बन्ध देखाएका छन्। तौखेल (बिसिखेल) आदिका गोपालवंशीहरूको मुख्य देवता अहिलेसम्म 'चम्पकेश्वर' महादेव रहेको कुरा यस प्रसङ्गमा विचारणीय छ। कार्तिक सक्रान्तिको दिन चम्पकेश्वर महादेवस्थानमा मेला लाग्दो रहेछ। चम्पकेश्वर महादेवस्थानका वरपर ब्राह्मणहरूको बस्ती छ तापनि चम्पकेश्वर महादेवसम्बन्धी गुठीहरू तौखेलका गोपालवंशीहरूको हातमा रहेका छन्। यसले पनि गोपालवंशीहरूको महादेवसंगको सम्बन्धलाई दर्शाँउँछ।

तौखेलभेकका गोपालवंशीहरूको नेवारीभाषामा पनि अलि भिन्नता पाइन्छ। यसको पनि अध्ययन हुनु जरूरी छ।

लिच्छविकालपछि मल्लकालमा टिस्टुङभेकको महत्त्व पहिले जस्तो रहेको देखिँदैन। शायद भारत जाने बाटोमा अन्तर आएको हुनाले यसो भएको हुन सक्छ। जे होस्; मल्लकालमा यस भेकको महत्त्व घटेकोचाहिँ स्पष्ट छ। यसैले मल्लराजाहरूका अभिलेख यहाँ कम पाइएका छन्। यता पाइएका मल्लकालका अभिलेखमा चितलाङकोटका र टिस्टुङकोटको विष्णुमल्लका शिलालेख भने अलि महत्त्वपूर्ण छन्। योगनरेन्द्रपछि भएका ललितपुरका मल्ल राजाहरूमा विष्णुमल्ल

महत्त्वाकाङ्क्षी र अति योग्य राजा थिए। त्यस बेलाको 'गुह्यरयुगे राजनीति'ले विष्णुमल्ललाई बलतापूर्जा बनाइदिएको थियो। कहिले गोरखालीसंग, कहिले अरूसंग मिली विष्णुमल्लले लाभ उठाउने चेष्टा गरेका थिए। यो कुरा हामी वंशावलीको वर्णनबाट थाहा पाउन सक्छौं। विचारार्थ वंशावलीको एक अंश यहाँ उद्धृत गरिन्छ—

" यहाँपछि कान्तिपुर, ललितपुर मिली भक्तपुरमाथि चढाइ गरी फुलबारी नामूडा, दापचा, काभ्र्या जिती फर्किआया। कान्तिपुरका राजाले भक्तपुरका राजासंग हात्ती र १८००० रुपैयाँ लिया। जगज्जयमल्ल, विष्णुमल्ल राजा मिली भक्तपुरमाथि चढाइ गरी नालाग्राम, सांगा आदि जिती ३।३ ग्राम बाँडिलिया। विष्णुमल्ल राजाले आफ्ना भागमा गोरखालीकन राखी आया। यहाँपछि तीनै राजा भेट भई भक्तपुरका राजाले आफ्ना ग्रामहरू छुटाउनानिमित्त हात्ती र रुपैयाँ दिइपठाउँला भनी कबुल गराई फर्किआया। पछि कबुल नपुऱ्याउँदा रिसाई चोरपुरमा ठाना बस्न गया। भक्तपुरका राजाले तहाँ लमजुङ्ग मकवानपुरका सैन्य आफूसित मिलाई आई हटाइपठाया। १२० जना गोरखालीकन समाती ग्रामहरू आफ्नु गरिलिया। यहापछि रणजित्मल्लले विष्णुमल्लकन रुपैया दिई आफूसंग मिलाया। यहापछि कान्तिपुरका राजाले गोरखालीकन आफूसंग मिलाई ललितपत्तनका राज्य लामुडाडा दखल गरी गोरखालीकन राख्या। फेरि विष्णु-मल्ल राजाले गोरखालीकन आफूसंग मिलाई लामुडाडा आफ्नु गराया।"

('ऐतिहासिक पत्रसंग्रह' दोस्रो भागको ५,६ पृ.)

यस्तो अवस्थामा आफ्नो राज्यक्षेत्रभित्रका प्रदेशको सुरक्षाको बन्दोबस्त मिलाउनु विष्णुमल्ललाई आवश्यक भयो। यसैले ठाउँ–ठाउँका किल्लाहरू मजबुत पार्नेतिर उनले ध्यान दिए। चितलाङकोटको अभिलेख ने. सं ८५५ (वि. सं. १७९१) को हो। विष्णुमल्लको आज्ञानुसार परमान (बडाहाकिम) लक्ष्मीधरले चितलाङकोटको जीर्णोद्धार गरेका थिए। यस कोटको निरीक्षण गर्न स्वयं विष्णुमल्ल त्यहाँ पुगेको वर्णन यस अभिलेखमा परेको छ। यसबाट कोट निर्माणको कामलाई विष्णमल्लले कति महत्त्व दिएका रहेछन् भन्ने थाहा पाइन्छ। यस

अवसरमा चितलाङभेकका जनतालाई केही सुविधा पनि उनले गरिदिएका थिए।

ललितपुरराज्यका देवतामा लोकनाथ (राता मछिन्द्रनाथ)को प्रमुख स्थान रहेको थियो। यसैले ललितपुरका मल्ल राजाहरू आफ्ना टकमा समेत लोकनाथ, करुणामय अङ्कित गराउँथे। यी विष्णुमल्ल अझ बढी लोकनाथका भक्त बनेका देखिन्छन्। यिनको छापमा समेत 'लोकनाथ' अङ्कित भएको पाइन्छ। यसैले यस अभिलेखमा पनि लोकनाथको स्तुति गरिएको छ।

लक्ष्मीधर चितलाङभेकका परमान (बडाहाकिम) नियुक्त थिए तापनि 'नृपप्रिय अमात्यवर' भनी उनको प्रशंसा गरिएको हुनाले उनी विष्णुमल्लका विश्वासपात्र मन्त्री पनि थिए भन्ने थाहा पाइन्छ। मल्लकालका एक दुइ अरू पनि अधिकारीको उल्लेख यस अभिलेखमा परेको छ। त्यस वेला चितलाङमा 'स्थानदार' पनि नियुक्त थिए भन्ने यसबाट थाहा पाइन्छ।

यसको चार वर्षपछि विष्णुमल्लले टिस्टुङको किल्लाको पनि जीर्णोद्धार गराएका थिए। यो कुरा टिस्टुङकोटको अभिलेखबाट थाहा पाइन्छ। टिस्टुङ-कोटको भग्नावशेष अहिलेसम्म पनि केही छ। यसबाट सो कोट मजबूतसंग बनाइएको थियो भन्ने थाहा पाइन्छ। उक्त कोटको इलाकाबाट जति ईंट झिके पनि सिद्धिदैन भन्ने धारणा स्थानीय व्यक्तिहरूमा अझै पनि रहेको छ।

शाहकालका अभिलेखमध्ये श्री ५ गीर्वाणयुद्धविक्रम शाहको एउटा ताम्रपत्र पनि छ। श्री ५ रणबहादुर शाहको वर्षान्त श्राद्धको अवसरमा संकल्प भएअनुसार यो ताम्रपत्र गरिदिएको हो। तात्कालिक केही कुरा बुझ्न यसबाट पनि केही मदत पाइन्छ।। वि. सं. १९२० को एक लालमोहर पनि यस संकलनमा समावेश गरिएको छ। जङ्गबहादुरले सैनिक तयारीको लागि लिएको नीतिको झलक त्यसबाट पाइन्छ।

उपर्युक्त अभिलेखबाहेक चितलाङ, टिस्टुङभेकका जनताद्वारा राखिएका अभिलेखहरू पनि यस संग्रहमा समावेश गरिएका छन्। स्थानीय बासिन्दाहरू,

उनीहरूका रीतिस्थिति, धार्मिक भावना आदिबारे बुझ्न यी अभिलेखबाट मदत पाइन्छ ।

सबभन्दा पछि मल्लकालका २५ वटा ताडपत्रहरू दिइएका छन् । पापुङ-निवासी गुञ्जामान गोपालबाट ती प्राप्त भएका हुन् । मल्लकालका कुरा विशेष गरेर भूमिव्यवस्था, स्थानीय बासिन्दा आदि बुझ्न यी ताडपत्र उपयोगी छन् । मल्लकालमा चितलाङ–टिस्टुङ्भेक ललितपुरराज्यअन्तर्गत थियो । यस कारण यी ताडपत्रहरूमा केही श्रीनिवासमल्ल, महीन्द्रसिंह, योगप्रकाशमल्ल, विष्णुमल्ल-हरूले गरिदिएका छन् । यिनमा माटाका छाप पनि लागेका छन् । त्यस वेलाका राजकीय छापको झलक यताबाट पाउन सकिन्छ ।

टिस्टुङका श्रीनीलबहादुर कर्माचार्यसंग निकै हातलिखित ग्रन्थहरू संगृहीत छन् । विशेष गरेर कर्माचार्य तन्त्रविधिका पुस्तक ठ्यासफु उहाँसंग छन् । यीबाहेक ने. सं. ७०६ मा लेखिएको चण्डीको पुस्तक, व्रतसम्बन्धी पुस्तक, ज्यौतिषसम्बन्धी पुस्तक पनि छन् । केहीमा नेवारी अनुवादसमेत छ । तर तिनमा उल्लेखनीय ऐतिहासिक कुरा नपाइएको हुनाले तिनलाई यस संकलनमा पारेनौं ।

उपर्युक्त विवरणबाट टिस्टुङ-चितलाङभेकको ऐतिहासिक महत्त्व स्पष्ट देखिएको छ । यस क्षेत्रमा अझ बढी खोज हुनुपरेको छ । अनि मात्र विविध विषयको ज्ञान हासिल हुनेछ । तैपनि एक हप्ताको सीमित समयमा यस भेकमा जे जति ऐतिहासिक सामग्री फेला परे; तिनले गर्दा हाम्रो अन्वेषण–भ्रमणलाई निकै सफल पारेको छ भन्ने हामीलाई लागेको छ । साथै भविष्यमा खोजी कार्य जारी राख्न पनि यसबाट प्रेरणा मिलेको छ ।

अन्त्यमा हामी नेपालको इतिहासमा यस प्रकारको शोध खोजको कामलाई महत्त्व दिनुहुने त्रि वि. का उपकुलपति डा. त्रैलोक्यनाथ उप्रेतीज्यू तथा का. मु. शिक्षाध्यक्ष श्रीसूर्यबहादुर शाक्यज्यूप्रति कृतज्ञ छौं ।

यस इलाकामा अन्वेषण गर्नु आवश्यक छ भनी जोड दिनुहुने इतिहास-विभागका प्रमुख तथा ने. अ. सं. इतिहाससमितिका अध्यक्ष श्रीमाधवराज

पाण्डेज्यूप्रति हामी आभार प्रकट गर्छौं । साथै नेपाल-अध्ययन-संस्थानका सचिवलायत सम्बद्ध अधिकारीप्रति पनि हामी आभारी छौं ।

टिस्टुङ्भेकमा हामीलाई यस काममा मदत गर्ने यस संकलनमा उल्लिखित सबैलाई धन्यवाद छ । विशेष गरेर हाम्रो साथमा रही आवश्यक मदत गर्न-भएकोमा श्रीकृष्णप्रसाद अर्ज्यालिलाई धन्यवाद छ ।

२०२०।३।२७।२

पुनश्च —

यसलाई छिटो प्रकाशनार्थ प्रेसमा पठाउने बन्दोबस्त मिलाइदिनुभई हामीलाई प्रोत्साहित पारिदिनुभएकोमा संस्थानका नवनियुक्त डीन डा. प्रयागराज शर्माज्यूप्रति हामी कृतज्ञ छौं ।

—सम्पादक

२०२६।५२।७।२

टिस्टुङ्गको वसन्तदेवको शिलालेख

टिष्टुङ्ग गाउँमा पाटशालाको सामुन्नेको चौरमा यो शिलापत्र त्यसै ठडापर राखिएको छ। यसको शिरोभागको बीचमा चक्र अङ्कित छ। त्यसको दायाँ बायाँ शङ्ख अङ्कित भएको बुझिन्छ। तर एकातिर शङ्खको अलिकता भाग मात्र देखिन्छ। अर्कोतिर खण्डित छ। २१ इञ्च लामो १४ इञ्च चौडा भागमा अभिलेख कुँदिएको छ। लिच्छविकालमा प्रचलित लिपिमा यो अभिलेख कुँदिएको छ। यसमा जम्मा १५ पङ्क्ति छन्। तर उठानको अलिकता भागबाहेक अरू भाग ज्यादै खिइसकेको छ। यसमा संवत् ४३४ देखिन्छ।

'अभिलेख--प्रकाश'को ७ पृष्ठमा श्रीहेमराज शाक्यले यसको अलिकता अंश छपाउनुभएको छ।

१. (स्व)स्ति नैपालेभ्यः परमदैवतश्रीबप्प(भट्टारक)-

२. (श्रीपादानु)ध्यातभट्टारकमहाराजश्रीवसन्तदे(वः)

३. (कुशली) ··· ङ्ग्रामे निवासोपगतान् प्रधान(पुर)-

४. (स्सरान्कुटुम्बि)नः कुशलमभिधाय समाज्ञापयति

५. (विदि)तमस्तु वो यथा ··· ··· ···

१०. ··· ··· ··· ··· ··· ··· ··· ··· सर्व्वदण्डनाय(क)

··· ··· ··· ··· ··· ··· ··· ··· ··· ··· ···

१५. संवत् ४३४ ··· ··· ··· ··· ··· ··· ···

(२)

टिस्टुङ्गको अंशुवर्माको शिलालेख

टिस्टुङ्ग गाउँमा पाठशालासँगै यो शिलापत्र रहेको छ। यसको शिरोभागको बीचमा कलश र दायाँ बायाँ चक्र र शङ्ख अङ्कित छन्। २० इंच लामो, १४½ इंच चौडा भागमा अभिलेख कुँदिएको छ। लिच्छविलिपि छ। तल्लो भाग खण्डित हुँदा संवत् तिथिमिति देखिंदैन।

'अभिलेख-प्रकाश'को ६-१८ पृष्ठमा श्रीहेमराज शाक्यद्वारा यो छापिएको छ। तर मूलबाट पढी यहाँ धेरै पाठ सच्याई दिइएको छ।

१. स्वस्ति नैपालेभ्यः सकलजगद्विसारिकीर्त्तिरन-
२. तिवृत्तार्य्यमर्य्यादासेतुर्भगवत्पशुपतिभट्टा-
३. रकपादानुगृहीतो बप्पपादानुद्ध्यातः श्रीमहासा-
४. मन्तांशुवर्म्मा कुशली कुण्डशुल्कतापनाधिकृता-
५. न्पुरतःकृत्वा पश्चिमद्वारप्रतिबद्धविषयप-
६. तितदायुक्तकशौल्किकगौल्मिकादीङ्कुशलमाभाष्य
७. समाज्ञापयति विदितम्भवतु भवतां यथास्मा-
८. भिरेषां तेस्तुङ्ग्रामीणानाम् लोहचामरमृग-
९. रोमकस्तूरिकाकृतताम्रभाण्डान्यानिर्हार्य्याण्यवास्य
१०. तदन्यद्रव्याण्यादायोपक्रयार्त्थमितो[1] निर्ग्गच्छता-
११. म्प्रसाद्धयोपक्र(य)श्चान्तः प्रविशतां शुल्कतापनादियथा-
१२. देयम्प्रतिमुक्तमेवंवेदिभिरस्मत्प्रतिबद्धजीवनै-

---

१. कुँद्नेको भ्रमवश यहाँ 'य' बढी र एघाह्रौं पङ्क्तिमा 'य' छुटाई कँदिएको छ।

१३. रन्यैर्व्वा न कैश्चिदप्ययमप्रसादोन्यथा कार्य्यो यस्त्वे-
१४. तामाज्ञामतिवर्त्यान्यथा प्रवर्त्तिष्यते तमहन्नरप-
१५. (ति) कृतमर्य्यादाभेदिनं न मर्षयिष्यामि भविष्यद्भि-
१६. (रपि भू)पतिभिः सुकृतविपाकोपनत ··· ··· ···
··· ··· ··· ··· ··· ··· ··· ··· ··· ··· ··· ···

(३)

भटुवालको अंशुवर्माको शिलालेख

टिम्दुङ्ग गाउँबाट १ पाउ जति उत्तर-पूर्वमा भटुवाल भन्ने ठाउँ छ। त्यहाँ कोलटार भन्ने खेतमा यो शिलापत्र रहेको छ। यसको शिरोभागको बीचमा चक्र र दुइतिर फूलबुट्टासहित शङ्ख अङ्कित छन्। यसको अभिलेख कुँदिएको भाग २० इंच लामो, १७ इंच चौडा छ। असुरक्षित अवस्थामा रहेको हुनाले यो बीच बीचमा अलि खिइएको छ। यसमा संवत् ३१ छ।

'अभिलेख-प्रकाश'को १३ पृष्ठमा यसको अलिकता अंश छापिएको छ।

१. स्वस्ति नैपालेभ्यः सकलजगद्विसारकीर्त्तिरनतिवृत्तार्य्यमर्य्या-
२. दासेतुर्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानु-
३. ध्यातः श्रीमहासामन्तांशुवर्म्मा कुशली कुण्डशुल्कतापना-
धिकृता-
४. न्पुरतःकृत्वा पश्चिमद्वारप्रतिबद्धविषयपतितदायुक्तकशौल्किक-
५. गौल्मिकादीन्कुशलमाभाष्य समाज्ञापयति विदितम्भवतु भव-
६. तां यथास्माभिरेषां ··· नग्रामीणानां लोहचामरमृगरो-
७. मकस्तूरिकाकृतताम्रभाण्डान्यनिर्हार्य्याण्यवारय तदन्यद्द्रव्याण्या-

८. दायोपक्रयार्त्थमितो निर्ग्गच्छताम्प्रसादुच्योपक्रयश्चान्तः प्रविश-
९. तां शुल्कतापनादियथादेयम्प्रतिमुक्तमेवंवेदिभिरस्मत्प्र-
१०. तिबद्धजीवनैरन्यैर्वा न कैश्चिदप्ययम्प्रसादोन्यथा कार्य्यो
११. यस्त्वेतामाज्ञामतिवर्त्यान्यथा प्रवर्तिष्यते तमहन्नरपतिकृत-
१२. मर्य्यादाभेदिनम्न मर्षयिष्यामि भविष्यद्भिरपि भूपतिभिः
१३. सुकृतविपाकोपनत ··· मिच्छद्भिर्ग्गुरुकृतप्रसादा-
१४. नुयायिभिरेव भवितव्यमिति समाज्ञापना दूतकोत्र महाराज-
१५. विप्रवर्म्मा संवत् ३१ प्रथम ··· ··· पञ्चम्याम्

(४)

तौखेलको अंशुवर्माको शिलालेख

टिस्टुङ्ग गाउँबाट एक कोश जति पूर्व-दक्षिणमा तौखेल भन्ने गाउँ छ। त्यहाँ पाटीनिर यो शिलापत्र रहेको छ। यसको शिरोभागको बीचमा चक्र र दुइतिर शङ्ख अङ्कित छन्। यसको अभिलेख कुँदिएको भाग २४ इंच लम्बा, १८ इंच चोडा छ। यसमा दुइ चार अक्षरबाहेक अरू भाग स्पष्ट छ। यहाँ संवत् ३७ दिइएको छ।

यो अभिलेख पहिले प्रकाशित भएको थिएन।

१. ॐ स्वस्ति कैलासकूटभवनादनिशमशेषसत्वसुखस-
२. मुदयोपपादनाहितचित्तसन्ततिर्भगवत्पशुपतिभट्टा-
३. रकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीमहासामन्तांशुवर्म्मा
४. कुशली चुस्तुङ्ग्रामकुटुम्बिनः प्रधानपुरस्सरान्कुशलमाभा-
५. ष्य समाज्ञापयति विदितम्भवतु भवतां युष्मदीयग्रामभू-

६. मो महती मद्विषीपीडेत्यतस्तत्पीडापरिजिहीर्षया परिव-
७. तंनिमित्तमस्माभिरियम्भूमिः पूर्वेण चुस्तुनदी दक्षिणेन
८. खातकः पश्चिमेन पर्वतचूडामुत्तरेण चुप्रिङ्नदीत्येतत्सीम-
९. मध्योपनिपातिनी भवताङ्ग्रामसन्निवेशार्थम्प्रसादीकृता भ-
१०. वद्भिरपि तैस्तुंशुल्क ङ्ब्रह्म ङ्काङ्करणीयञ्जङ्शतत्रय(न्दे॑य)
११. न्तदेवंविदितार्थैरस्मत्पादप्रसादोपजीविभिरन्यैर्वा न कैश्चि-
१२. दयम्प्रसादोन्यथा करणीयो यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा
१३. कुर्यात्कारयेद्वा तं वयन्न मर्षयिष्यामो भविष्यद्भिरपि भूप-
१४. तिभिर्धर्मगुरुतया पूर्वराजकृतप्रसादानुपालनावहितमा-
१५. नसैर्भवितव्यमिति स्वयमाज्ञापना दूतकश्चात्र युवरा-
१६. जोदयदेवः संवत् ३७ फाल्गुनशुक्लदिवापञ्चम्याम्

(५)

चितलाङको उदयदेवको शिलालेख

चितलाङ गणेशस्थानमा यो अभिलेख कुँदिएको शिलापट्ट रहेको छ। यसको शिरोभागमा त्रिशूल अङ्कित छ। यस कारण यो महादेवको मूर्ति हो भन्ने धारणा स्थानीय जनतामा परेको छ। यसको अभिलेख कुँदिएको भाग १८ इंच लम्बा १३ इंच चौडा छ। यहाँ संवत् ४५ दिइएको छ।

यो अभिलेख यहाँ छ भन्ने चर्चा श्रीहेमराज शाक्यले 'अभिलेख-प्रकाश' को १२ पृष्ठमा गर्नुभएको छ। तर वहाँले पाठ पढ्न सक्नुभएको थिएन। यसमा कुनै स्तोत्र लेखिएको बुझिन्छ भनी उहाँले लेख्नुभएको छ। तर पाञ्चालीलाई अग्रहार दिएको कुरा यसमा परेको छ।

१. ... ...

२. ... ... भगवत्पशुपतिभट्टारकपादानुगृहीतो ब-

३. (प्पपा)दानुध्यातो भट्टारकमहाराजाधिराजश्रीउदयदेवः कु

४. (शली) ... निवासिनः कुटुम्बिनो यथाप्रधानङ्कुशलमाभाष्य

५. (समा)ज्ञापयति विदितमस्तु वो यो युष्मदीयतलप्रतिबद्ध ...

६. ... ... भट्टारकमहाराजाधिराजश्यंशुवर्मपादै ... ... पाञ्चा-

७. लिकानामग्रहारोयं प्रसादीकृतोभूत् ... स्माभिरेष ... पाञ्चा-

८. लिकानां यथासुखम्परिभोगार्थमग्रहार ... प्रसादीकृत(श्चिर-)

९. स्थितये चाभिलेख्य ... शासनमिदन्दत्तं सीमा चास्य ...

१०. ... ... खातक ... ... गुंशिखर-

११. ... ... या ... ... स एव खातक इत्येतत्सीमपरिच्छिन्न ...

१२. ... ... न्यैर्वा न कैश्चि(दल्पापि) पीडा विधेया य-

१३. स्त्वेतामाज्ञामतिक्रम्यान्यथा कुर्या(त्कारयेद्वा) ... ...

१४. ... मर्षयिष्यामो भविष्यद्भिरपि भूपतिभिरस्मत्कृतप्रसादोन्य-

१५. (था न) करणीय इति ... ... दूतकश्चात्र सर्व-

१६. ... ... संवत् ४५ ... षाढकृष्णद्वादश्याम्

(६)

तौखेल–पाटीको शिलालेख

तौखेल गाउँको छेउमा एउटा पाटी छ। सो पाटीमा यो शिलापत्र टाँसेर राखिएको छ। यसको शिरोभागमा खड्ग अङ्कित छ। सो पाटीमा उमामहेश्वरको

मूर्ति पनि छ। यसको अभिलेख कुँदिएको भाग " ११ × १० " इंच छ। यहाँ ने सं. ८२७ दिइएको छ। यस अभिलेखमा राजाको नामोल्लेख छैन।

श्री ३ उमामहेश्वरायै नमः ॥

१. श्रेयीऽस्तु ॥सम्वत् ८२७ वैशाष शुक्ल ॥ चतुर्द्दश्यां तिथौ स्वातीन-
२. क्षत्रे ॥ बज्रयोगे ॥ आदित्यवासरे ॥ थ्व कुह्नु श्रीमत्श्रीश्रीउमामहेश्व-
३. रस्य फरे प्रष्ठिस्ता याङा दिन जुरो॥ तवखेपया फुसिकोछे गोपारिक मोति-
४. राजो ग्वारया भार्य्या पूर्ण्णावती मयी ॥ थ्य निम्नं श्रीपुरुषन, पुत्र दिवंगत
५. जुया पितिन यितिदोल बु रोव १ जव १ थ्वते सपुबीसछिवो बु निक्षेपन दन्हा
६. जुरो। थ्व बुया वरसानन हने बजि फं ङा ५ अजि थ्वंयात जाक्य फं स्व ३ कतुवा थ्वं
७. यात फं नसि २ कुड नसि २ सुकी नसि २ रो, कुड नसि २ कयगुरि फोया दंम षु छ धरि-
८. पा नसि २ चिक्र मत छोयकेयात ॥ रास वारेसहितन जुरो ॥ थ्वते भाद्रपद शुक्ल
९. पूर्ण्णसो कुह्नु देवपूजा याङाओ थ्वते दान पितेमाल वर्षप्रति जुरो ॥ थ्वते बुया
१०. चिन्ताया साछि दानप्रतिया स्वग्वत्र भ्रातृ मन्द ग्वार, भ्राते कनसिंह ग्वार ह्वयो
११. दृष्ट ॥ थ्व गुथिस चितायाक स्वदग्वया जुगिदेव ग्वार फछि ग्वार णश्वय

१२. ग्वार थ्व दानपति साचिसहितन पुत्र'स्यन चिता याङन व्वर्षप्रति ङायाक मा-

१३. ल ।। थ्व ३ यो शण्य जुको सेङ ह्लोनेयात न्यनकेमाल ।। हङान न्यको गुथि भा-

१४. रोगनिस्यन मोपेमाल ।। थ्व दुन्ता थुया बसानमो सुनानस्तु' जुरसां रोप या-

१५. ङन महनसा पञ्चमाहापातक राक ।। रोप मयास्य दुथ्य ह्लरसा

१६. उत्तोतल ।। जता सात्र तवो फलं ।। शुभमस्तु ।। शुभ ।।

(७)

कुन्छा धाराको शिलालेख

टिस्टुङ गाउँबाट केही पर दक्षिण-पश्चिमपट्टि कुन्छा गाउँ छ । त्यहाँ ढुंगे धारामा यो शिलापत्र रहेको छ । यसको शिरोभागको बीचमा चैत्य अङ्कित छ; छेउ-छाउमा चन्द्र-सूर्य अङ्कित छन् । अभिलेखको लमाइ ८ इंच, चौडाइ ७ छ । यहाँ ने. सं. ८३३ छ । राजाको नामोल्लेख छैन ।

१. ॐ नमो बुधाय ।। नमस्तु ते पंचबुधानां । अचोम्य

२. ... ... वैरोचनो नाथ पंचबुधं नमस्तु ते

३. सम्वत् ८३३ वैशाख कृष्ण ... ... तिथौ, सतभिखा-

४. नचत्रे वैदतिजोग्ये ब्रहस्पतिवार ।। थ्व कुहु

५. थ्व हिति, अचोभदेव, चैतबाहार गजुरि छास्यं प्र-

६. तिथा यास्यं जुरो ।। थ्वतिया दानप्रति ।। लच्छेराम ग्वा-

७. र. वार्मि ग्वार, पुनुर्सि ग्वार, मुनिराज ग्वार पद्-
८. व ग्वार अमरसिं ग्वार, पद्व ग्वार जिशिदेव
९. ग्वार, दुषि ग्वार, सुजसि ग्वार, ग्वपिराज
१०. ग्वार, वसुराज ग्वार, दमद्र ग्वार, अमरसिं
११. ग्वार, सुजसिं ग्वार, वेश्वासिं ग्वार मांदेव
१२. ग्वार, थ्वतिस्यन स्यङ ह्लोन्यमार, चतुसिं दुवार
१३. आमासिं दुवार ॥ थ्वति समूहन थ्व हिति दु-
१४. वु दयका जुगे ॥ शुभ छेंक भित मोति
१५. राज ग्वार, पद्व ग्वार निम्नं जुगे ॥ शुभ

(८)

चितलाङकोटको विष्णुमल्लको शिलालेख

चितलाङ कुपुगाउँमा पुरानो कोटको भग्नावशेष अहिले पनि छ। सो कोटमाथि यो शिलापत्र रहेको छ। यसको शिरोभागको बीचमा गणेशमूर्ति अङ्कित छ। छेउछाउमा चन्द्र, सूर्य अङ्कित छन्। यसको अभिलेख कुँदिएको भाग ११ इंच लम्बा, १० इंच चौडा छ। यहाँ ने. सं. ८५५ दिइएको छ।

१. श्रीलोकनाथाय नमः॥ श्रीमान् श्रीलोकनाथोसौ करुणामयमूर्त्तिमान्। नृपं
२. श्रीविष्णुमल्लं तं पायान्नित्यं प्रजाप्रियं। बाणेष्विभेऽब्दे सति फा-ल्गुणे सिते, शंभो-
३. स्तिथौ सौम्यदिने समग्रकं। श्रीविष्णुमल्लस्य नृपस्य चाज्ञया दुर्गं नवीनं प्रच-

४. कार सुन्दरं ॥ लक्ष्मीश्वरोऽमात्यवरो नृपप्रियो देवार्च्चको विप्रहितञ्च एष सः ।

५. लोकोपकारैकमतिर्य्यशोऽमलो , दयालुशील: प्रभुभक्तितत्परः ॥ ॥

६. श्रेयोऽस्तु ॥ अतः परं नेपालभाषा ॥ संवत् ८५५ फाल्गुणमासे शुक्लपक्षे अष्ट-

७. म्यां तिथौ रोहिणीनक्षत्रे विष्कम्भयोगे बुधवासरे ॥ थ्व कुन्हु श्री ३ करुणाम-

८. यस कृपान, श्रीमाणिग आधिपति श्री२ जयविष्णुमल्ल प्रभु थाकुलस आज्ञान

९. परमानं, दतल्लायचो तओदुल्हे जखांपुल्हेया लक्ष्मीश्वर भारोसन चिंता

१०. यास्यं कुशपोक्वाठ जीर्ण्ण जुयाव स्यहस, हुल याङ थ्व क्वाठ दयका जुरो ॥ थ्व

११. क्वाठस श्रीश्रीजयविष्णुमल्ल प्रभु थाकुल विज्याङाव, थ्व कुशपो क्वाठया रा-

१२. गा ग्रामस दको प्रजापनिस्त ह्वादस्यं चोङ दँहदारित, अंतरस दँहदारि-

१३. त थ्यातकं तओगुलिस, श्रीश्रीजयविष्णुमल्ल प्रभु थाकुलसन, दंह दारि-

१४. त मथ्याचकं प्रसन्न जुया जुरो ॥ थ्व दँहदारित मथ्याचकं गोलसेन- जुरसा

१५. सेनकं संकाले पंच महापातक राक जुरो । थ्व देशनओ परमान-

१६. पनिसेन वर्षप्रति थ्व क्वाठ सेङ ह्लोनेमाल । मह्लोङ काले पंच म-

१७. ह्रापातक राक जुरो ॥ ॥ जुपार ह्नँ ुग्वाहार चिकिति भारो चै·
१८. त्यलङ देशया स्थानदार, थंथुछे शुरंश्रीवंश अनुराजजु, ह्रा-
१९. कुदेवजु, तोयु वोरव्वारजु, ब्वथुछे दातिह्मजु, थंथुछे भागिरा-
२०. मजु थ्वते दुवार पंचसमूहनं सेवा याङा जुरो । पुनर्भाषा
२१. थ्व संवत्सरलोह्रो सेनकाले तओबाहारस श्रीश्करुणामय-
२२. सके सिजलपत्रस चोस्यं तया दु, उति भाषां ॥ ॥ शुभमस्तु ॥
२३. कुशप देसया ··· ··· ··· किसिसिंजु ॥

(९)

कुन्छा गणेशस्थानको अभिलेख

टिस्टुङ्, कुन्छा गणेशस्थानको ढोकामाथि यो अभिलेख कुँदिएको ताम्रपत्र टाँसेर राखिएको छ । यसको अभिलेख कुँदिएको भाग १२ इंच लम्बा, २ इंच चौडा छ । यहाँ संवत् ८५८ छ । यसमा राजाको नामोल्लेख छैन ।

१. सं ८५८ फा शु १५ कुंछाल ग्राम, थकाडि गोपालिक गुमिसिं
२. विह्लाय, गुणराय, बुसिं, ब्रजराम, अंवरसिं, हाकु वारा, हाकु,
३. थ्वते समुखण, सनाथगुथि समुहया जुरो ॥ शुभ ॥

(१०)

टिस्टुङ्गकोटको विष्णुमल्लको शिलालेख

टिस्टुङ्ग गाउँमा पुरानो कोटको भग्नावशेष अहिलेसम्म पनि छ । त्यहाँ देवीस्थानमा यो शिलापत्र राखिएको छ । यसको संगै केहा हतियार पनि चढाई

राखिएका छन्। यस अभिलेखको शिरोभागमा बीचमा खड्ग र दुइतिर चन्द्र, सूर्य अङ्कित छन्। यसको अभिलेख कुँदिएको भाग ६ इंच लम्बा, ८ इंच चौडा छ। यहाँ ने. सं. ८५६ दिइएको छ।

'मेडिइभल नेपाल'को २२० पृष्ठमा श्रीहेमराज शाक्य र श्रा तुलसीराम वैद्यद्वारा यो छापिएको छ।

